# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक २५ | काठमाडौं | सोमबार, ४ जेठ २०८३ | Prabhab National Daily | Monday, 18 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-





MEDIA ALLIANCE NEPAL
NEPAL MEDIA SOCIETY
स्वतन्त्र प्रेसमाथि प्रहार,
लोकतन्त्रमाथि आघात,
न्यायको पर्खाइमा जनआवाज...
प्रेसको आवाज दबिँदा,
लोकतन्त्र कमजोर हुन्छ।
सत्यमाथिको प्रहारविरुद्ध
न्यायको पुकार...
सञ्चारमाथि नियन्त्रण,
अभिव्यक्तिमाथि हस्तक्षेप,
लोकतन्त्रको
आत्मामाथि चोट...
स्वतन्त्र पत्रकारिता थिचिँदा,
सत्य डराउन थाल्छ।
अनि लोकतन्त्र मौन बन्छ...
प्रेस स्वतन्त्रता कमजोर हुँदा,
नागरिक अधिकार पनि
असुरक्षित हुन्छ।
न्याय र अभिव्यक्तिको पक्षमा...
कलममाथि दबाब,
सत्यमाथि आक्रमण,
अनि न्याय अझै प्रतिक्षामा...
स्वतन्त्र प्रेसको
रक्षा गर,
लोकतन्त्रको
सम्मान गर।
सत्य बोल्ने आवाजलाई
मौन नबनाऊ...
प्रेसमाथिको अन्याय
केवल मिडियामाथिको होइन,
जनअधिकारमाथिको
प्रहार हो...
जब
समाचार
डराउन थाल्छ,
लोकतन्त्र
कमजोर
हुन थाल्छ।
स्वतन्त्र आवाजको
पक्षमा...
स्वतन्त्र पत्रकारिता
मर्दा
लोकतन्त्र जिवितै रहला ?

# प्रभाव दैनिक
National Daily



**सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं ।**

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।

हिमाल हाम्रो पहिचान र गौरवको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष १३ | अंक २५ | काठमाडौं | सोमबार, ४ जेठ २०८३ | Prabhab National Daily | Monday, 18 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ /-


**सन्दर्भः वैदेशिक रोजगार**

## आन्दोलनको तयारीमा वैदेशिक रोजगार व्यवसायी

### सरकारबाट धरपकड बढाएपछि व्यवसाय गर्नै नसक्ने अवस्थामा पुगेको गुनासो

■ **ममता थापा**

**काठमाडौं–** सेवा शुल्कको विषयमा सरकारले धरपकड गर्न थालेको भन्दै वैदेशिक रोजगार व्यवसायीहरू आन्दोलनमा उत्रने तयारीमा लागेका छन् । सरकारको कारण व्यवसाय गर्न नसक्ने अवस्थामा पुगेको व्यवसायीहरू बताउँछन् । उनीहरूले केही दिनमै चरणबद्ध आन्दोलन सार्वजनिक गर्ने तयारी भइरहेको जानकारी दिएका छन् ।

पछिल्लो केही सातायता वैदेशिक रोजगार विभागले १० हजारभन्दा बढि रकम लिएको उजुरीका आधारमा इजाजतप्राप्त संस्थामा अनुगमन गर्ने, म्यानपावरका सञ्चालकलाई नियन्त्रणमा लिनेजस्ता कार्य गर्दै आएकोप्रति व्यवसायीहरू असन्तुष्ट देखिएका हुन् । सरकारले तोकेको १० हजार रूपैयाँ सेवा शुल्कमात्र लिएर श्रमिक पठाउन नसक्ने अडानमा व्यवसायीहरू देखिन्छन् ।

हामी झैझगडा गर्दैनौं । शान्त ढंगले अनिश्चितकालका लागि कार्यालय बन्द गर्छौं । राज्यले व्यवसायीलाई व्यवस्थित, मर्यादित बनाउन सक्छ भने व्यवस्थित र मर्यादित हुन हामी तयार छौं । होइन भने हाम्रो धरौटी फिर्ता दिएर लाइसेन्स राज्यले लिए हुन्छ ।

■ **हरिबहादुर पाण्डे**
सञ्चालक, फ्युचर स्टार म्यानपावर प्रालि

हामी केही दिनमै आन्दोलनका कार्यक्रम सार्वजनिक गर्छौं । त्योभन्दा पहिले संवादबाट हुन्छ कि भनेर वार्तामा बस्यौं । वार्ता कहिल्यै नराम्रो नहुने रहेछ । विभागले बोल्ने एउटा र गर्ने अर्कै हुँदा चरणबद्ध आन्दोलनमा जान्छौं भनेर भनिसकेको छौं ।

■ **देवकुमार खोखाली**
द्वितीय उपाध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ


क्रमशः पृष्ठ ५ मा


# विवादित प्रतिनिधिसभा नियमावलीमा आजदेखि छलफल

■ **जेबी योञ्जन**

**काठमाडौं–** सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाका विपक्षी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई निलम्बन हुनबाट जोगाउनेगरी संशोधन गरिएको विवादित प्रतिनिधिसभा नियमावली, २०८३ को मस्यौदा आज टेबुल हुँदै छ । संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार मस्यौदा समिति सभापति गणेश पराजुलीले टेबुल गर्ने छन् ।

संसद् बैठकको सूचनामा भनिएको छ, 'प्रतिनिधिसभा नियमावली मस्यौदा समितिका माननीय गणेश पराजुलीले प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०८३ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।'

संसद् बैठक बिहान ११ बजे बस्ने भएको छ । 'विशेष कानुन'को मान्यता दिनेगरी तयार गरिएको नियमावलीको संशोधित मस्यौदामा राखिएका केही प्रावधानलाई लिएर विपक्षी दलहरूले भने आपत्ति जनाएका छन् । नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले मस्यौदाका केही व्यवस्था संविधानको मर्मविपरीत रहेको भन्दै आपत्ति जनाएका छन् ।

> "नियमावली मुलतः संसद्को कार्य सञ्चालनका लागि बनाइने अधीनस्थ कानुनी दस्तावेज हो । यसले संविधान वा संसद्ले बनाएको प्रचलित कानुनभन्दा माथि रहने अधिकार पाउँदैन ।
>
> ■ **भीष्मराज आङदेम्बे**
> नेता, कांग्रेस संसदीय दल

विशेषगरी नियमावलीको नियम २५९, २६० र २६१ लाई लिएर विपक्षी दलहरूले गम्भीर प्रश्न उठाएका हुन् । विपक्षी दलहरूको आरोप छ कि ती प्रावधानले सांसदलाई कानुनी दायराभन्दा माथि राख्ने, सभामुखलाई अस्वाभाविक अधिकार दिने तथा अदालतको न्यायिक पुनरवलोकनको अधिकार सीमित पार्ने छ ।

नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले प्रतिनिधिसभा नियमावलीको संशोधित मस्यौदामाथि कडा शब्दमा टिप्पणी गरे । उनले संविधानको धारा १०३ (६) उद्धृत गर्दै संसद् सदस्यलाई सीमित संरक्षण भए पनि फौजदारी अभियोगमा कानुनी कारबाहीबाट उन्मुक्ति नदिएको स्पष्ट पारे ।

उनले प्रभावसँग भने, 'नेपालको संविधानले संघीय संसद्लाई मर्यादित, उत्तरदायी र कानुनको शासनअन्तर्गत सञ्चालन हुने संस्था मानेको छ । संविधानको धारा १०३ (६) ले संसद् सदस्यको स्वतन्त्रता सुनिश्चित गर्न केही संरक्षण दिएको भए पनि त्यसले फौजदारी अभियोग लागेका सांसदलाई कानुनी कारबाहीबाट उन्मुक्ति दिएको छैन ।'

आङ्देम्बेका अनुसार संविधानमै स्पष्टरूपमा 'कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई संघीय कानुनबमोजिम पक्राउ गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन' भनेर उल्लेख गरिएकाले सांसद पनि कानुनभन्दा माथि नहुने संवैधानिक मर्म स्थापित भएको छ ।

तर, संशोधित नियमावलीमा राखिएको नियम २५९ ले यही संवैधानिक सिद्धान्तलाई कमजोर बनाउने प्रयास गरेको उनको आरोप छ । उक्त नियममा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सभा, समिति र सदस्यको हकमा यो नियमावली संघीय कानुनको रूपमा रही विशेष कानुनसरह लागू हुने' व्यवस्था प्रस्ताव गरिएको छ ।


क्रमशः पृष्ठ ५ मा


### विवादित नियमावलीमा के छ ?

- प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सभा, समिति र सदस्यको हकमा यो नियमावली संघीय कानुनको रूपमा रही विशेष कानुनसरह लागू हुने (**नियम २५९**)
- यस नियमावलीको व्याख्या गर्ने अधिकार सभामुखलाई हुने छ र निजको निर्णय अन्तिम हुने छ (**नियम २६०**)
- संसद्ले नियमावलीमार्फत अदालतको अधिकार सीमित गर्न सक्दैन । यो कदम असंवैधानिक छ । (**नियम २६१**)

## कांग्रेस एकताका लागि गगन झुक्न तयार

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेसका सभापति गगन थापाले पार्टी एकताका लागि आफू हदैसम्म झुक्ने बताएका छन् । आइतबार धुम्बाराहीमा आयोजित एक सभामा सभापति थापाले विशेष महाधिवेशन गर्दा ठूलै संख्यामा नेताहरू बाहिरै रहेको उल्लेख गर्दै ती नेताहरूलाई केन्द्रीय समितिमा भित्र्याउन हदैसम्म झुक्ने बताएका हुन् ।

सभापति थापाले आफूले सम्मानका साथ नेताहरूलाई पार्टीमा स्थान दिनेसमेत बताए । 'पार्टीको १४औं महाधिवेशनबाट निर्वाचित हुनुभएका नेताहरूको ठूलो पंक्ति छुट्नुभएको छ । प्रत्येक नेता जो चाहनुहुन्छ अहिलेको केन्द्रीय समितिभित्र ल्याएर मानका साथ वरिष्ठ नेता बनाउनुपर्नेलाई वरिष्ठ नेता, जसलाई जे ठाउँमा राख्ने हो राखेर म उहाँहरूलाई सँगै लिएर सहभागी गराएर काम गर्न चाहन्छु,' सभापति थापाले भने ।

पार्टी मिलाउनुपर्ने भनेर देशभरबाट दबाब आएको उल्लेख गर्दै थापाले आफू सक्दो रूपमा मिलाउन लागेकोसमेत बताए ।


क्रमशः पृष्ठ ५ मा





प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# विभेदकारी विज्ञापन नीति तत्काल खारेज गर

लोकतन्त्र र पूर्ण प्रेस स्वतन्त्रता एकअर्काका पूरक हुन् । स्वतन्त्र र सशक्त सञ्चारमाध्यमबिना नागरिकको सुसूचित हुने अधिकार र लोकतन्त्रको परिकल्पना पनि गर्न सकिँदैन । तर, वर्तमान सरकारले अघि सारेका कतिपय नीति र कदमहरूले नेपाली सञ्चार क्षेत्र, विशेषगरी निजी सञ्चारमाध्यमलाई संकटको गहिरो भुमरीमा धकेल्दै लगेका छन् । खर्च कटौती र सुशासनको आकर्षक नाराभित्र लुकेको नियन्त्रणमुखी विज्ञापन नीति र सार्वजनिक खरिद ऐनमा गरिएको संशोधनले सञ्चार उद्योगको जग नै हल्लाइदिएको छ । सरकारको यो कदम केवल एउटा उद्योगमाथिको प्रहारमात्र होइन, बरु नागरिकको आवाज दबाउने र लोकतान्त्रिक सन्तुलन बिगार्ने गम्भीर भूल हो ।

अध्यादेशमार्फत सार्वजनिक खरिद ऐन संशोधन गरी पत्रपत्रिकामा सूचना र विज्ञापन छाप्नुपर्ने बाध्यात्मक प्रावधान हटाउने सरकारको निर्णय सबैभन्दा घातक देखिएको छ । सरकार सञ्चालकहरूले बुझ्नुपर्ने प्राथमिक कुरा के हो भने विज्ञापन केवल व्यापारिक सूचना होइन, यो एक ऐतिहासिक अभिलेख र पारदर्शिताको कडी पनि हो । सरकारी वेबसाइट वा अनलाइन पोर्टलमा राखिने विज्ञापन प्राविधिक गडबडी वा बदनियतका आधारमा जुनसुकै बेला फेरबदल वा गायब हुन सक्छन् । यसको विपरीत, छापा वा स्थापित सञ्चारमाध्यममा प्रकाशित सूचना अपरिवर्तनीय हुन्छन्, जसले राज्यका क्रियाकलापप्रति नागरिकको भरोसा र विश्वसनीयता बढाउँछ । डिजिटल अभिलेखको सुरक्षामा अझै पूर्ण विश्वास नभइसकेको हाम्रोजस्तो देशमा स्थापित सञ्चारमाध्यमलाई 'बाइपास' गर्नु विधिको शासनको खिल्ली उडाउनु हो ।

यो सरकारको उदय र यसको वर्तमान चरित्रबीच ठूलो विरोधाभास देखिन्छ । विगतमा सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्ध र जनआवाज बन्द गर्ने प्रयासविरुद्ध सडकमा ओर्लिएको नागरिक आक्रोशको जगमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सरकार बनेको थियो । तर, आज शक्तिको बागडोर सम्हालेपछि त्यही सरकार आफैं फरक ढंगले जनआवाजको घाँटी निमोठ्न उद्धत देखिनु विडम्बनापूर्ण छ । आफ्ना कमी–कमजोरी ढाकछोप गर्न र आफ्नै स्तुति गाउने सरकारी सञ्चारमाध्यमलाई मात्र पोस्ने र निजी क्षेत्रलाई कस्ने नीति निरंकुशताको संकेत हो ।

सञ्चार क्षेत्र केवल सूचनाको संवाहकमात्र होइन, यो हजारौं नागरिकलाई प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी दिने एक बृहत् आर्थिक उद्योग पनि हो । नयाँ मिडिया र डिजिटल प्लेटफर्म (युटचुब, टिकटक, फेसबुक आदि) को तीव्र विकाससँगै नेपाली विज्ञापन बजारको ठूलो हिस्सा विनाकुनै नियमन बाहिरिइरहेको छ । यस्तो कठिन समयमा निजी सञ्चारमाध्यमको रक्षाका लागि नीतिगत संरक्षण दिनुपर्नेमा, उल्टै सरकारले आर्थिक स्रोतको मुख्य मुहान (सरकारी विज्ञापन) नै बन्द गरिदिएको छ । यसको प्रत्यक्ष मार विज्ञापन एजेन्सी, सञ्चार गृह, छापाखाना, ढुवानी क्षेत्र हुँदै सडकमा पत्रिका पुर्‍याउने हकरसम्मलाई परेको छ । लाखौंको रोजगारी गुम्ने र मिडिया हाउसहरू बन्द हुने यो शृंखलाले अन्ततः देशको अर्थतन्त्रलाई नै थप संकुचित बनाउने निश्चित छ ।

सञ्चारमाध्यमलाई आर्थिकरूपमा कमजोर बनाएर वा तिनको अस्तित्व नै संकटमा पारेर सुशासन संस्थागत हुन सक्दैन । सरकारले विज्ञापन बजार र सञ्चार नीतिमा लिएको यो प्रत्युत्पादक अडानमाथि तत्काल पुनर्विचार गर्नैपर्छ । विदेशी डिजिटल प्लेटफर्महरूलाई कानुनी र करको दायरामा ल्याई देशभित्रको विज्ञापन बजार सुरक्षित गर्नेतर्फ सरकारको ध्यान जानु आवश्यक छ । आफैंलाई र समग्र लोकतन्त्रलाई नै दीर्घकालीन क्षति पुर्‍याउने यो अदूरदर्शी नीतिलाई सच्याउन सरकारले ढिला गर्नु हुँदैन । सम्बन्धित सरोकारवाला, सञ्चार उद्यमी र पत्रकारिता क्षेत्रका प्रतिनिधिहरूसँग अविलम्ब वार्ता र विस्तृत छलफल गरी सञ्चारमैत्री वातावरण निर्माण गर्नु नै अहिलेको एकमात्र फलदायी र जायज निकास हो । सञ्चार जगतको घाँटी निमोठेर सुशासनको यात्रा अगाडि बढ्न सक्दैन भन्ने सत्यलाई सरकारले समयमै बुझोस् ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के–के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# वैचारिक व्यक्तित्व मदन भण्डारी र जबजको सान्दर्भिकता



❑ मनोहर कार्की

> "मदन वैचारिक सिद्धान्तकार थिए नै । 'सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्त हुनुपर्दछ,' उनको मान्यता थियो । साथै, 'अनुशासनवीनाको स्वतन्त्रता स्वेच्छाचारी हुन्छ र स्वतन्त्रताविनाको अनुशासन निरंकुशतन्त्र हुन्छ' भन्ने मान्यतालाई उनले जोडदाररूपमा पैरवी गरे । क्रान्ति यथास्थितिको मात्रात्मक विकल्प होइन त्यो गुणात्मक पद्धति र राज्य सञ्चालनको उत्कृष्ट अभ्यास हुनुपर्छ भन्ने मान्यता स्थापित गरे । उनमा मास पोलिटिकल लिडरको गुण पनि कम थिएन । बहुदलीय व्यवस्थाकोपुनर्स्थापनापछिको पहिलो व्यवस्थापिका संसद्को निर्वाचनका दौरानमा नेता भण्डारीको मास पोलिटिकल लिडरको क्षमता आमनेपाली जनताले देखेकै हुन्, अनुभव गरेकै हुन् ।"

राजनीतिमा फरक पहिचान बोकेका कम्युनिस्ट विचारका धनी नेताको परिचयक्रममा जननेता मदन भण्डारीको नाम संस्मरणमा संधै आउँछ । कम्युनिस्ट आन्दोलनलाई नयाँ दिशाबोध दिने जनताको बहुदलीय जनवादका प्रणेताका रूपमा राजनीतिक वृत्तमा भण्डारीको परिचय छ । जनताको बहुदलीय जनवादका सैद्धान्तिक पाटाका विश्लेषक र सिद्धान्तकार नेता गिए उनी । भण्डारी कुशल संगठक र व्यावहारिक नेताका रूपमा लौलिक जीवनकालमा परिचित भए । उनको असामयिक, स्तब्धकारी र अकल्पनीय निधनले तात्कालिक नेपालको राजनीतिमा अपूरणीय क्षति पुर्‍यायो ।

भण्डारीको जन्म पिता देवीप्रसाद भण्डारी र माता चन्द्रकुमारी भण्डारीको माइलो पुत्रका रूपमा वि.सं. २००९ असार १४ गते ताप्लेजुङको ढुंगेसाँघुमा भएको थियो । वि.सं. २०१५ सालमा गाउँको स्थानीय हिउँदे पाठशालाबाट औपचारिक शिक्षा आरम्भ गरेका मदन सानैदेखि तीक्ष्ण बुद्धिका थिए । राजनीति र सामाजिक रूपान्तरणमा गहिरो रुचि रहेका मदन कम्युनिस्ट चरित्र र मार्क्सवादको द्वन्द्वात्मक भौतिकवादी विचारबाट प्रभावित भई तात्कालिक नेकपा मालेका उच्च नेताका रूपमा स्थापित भए । जनआन्दोलन २०४६ मा बाममोर्चाबाट सक्रिय उनी बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् तात्कालिक नेकपा माले र मनमोहन अधिकारीको नेतृत्वको नेकपा मार्क्सवादीको एकतापश्चात् गठन भएको नेकपा एमालेको शक्तिशाली महासचिव भए । लेनिनद्वारा स्थापित पहिलो मार्क्सवादी सिद्धान्तमा आधारित सोभियत कम्युनिस्ट व्यवस्था असफल भएपछिको कम्युनिस्ट आन्दोलनको रक्षात्मक अवस्थामा नेपालमा कम्युनिस्ट आन्दोलनको सिर्जनात्मक प्रयोगधर्मी र समकालिक विचारक भए । उनले जनताको बहुदलीय जनवादको आधारशीलामा बहुलवादी राजनीतिक प्रतिस्पर्धाका राजनीतिक र सैद्धान्तिक वैचारिक मान्यता स्थापित गरे ।

पछिल्लो राजनीतिक घटनाक्रमको मिहीन विश्लेषण गर्ने हो भने इतिहासको साँघुरो मोडबाट नेपाली कम्युनिस्ट आन्दोलन गुज्रिरहेको छ । संसदीय निर्वाचनमा कम्युनिस्ट वैचारिक मान्यता र यसका राजनीतिक आयामप्रति विकर्षणको अभिमतको अभिव्यक्ति पछिल्लो निर्वाचनले दिएको छ । सबै कम्युनिस्ट शक्तिहरूले अबका दिनमा गहन समीक्षा, आत्मालोचना र कार्यशैलीका व्यावहारिक पक्ष र जनतासँग नजिकिन नसकिएको अनुभूतिलाई आत्मसमीक्षा गर्दै भोलिका कार्यदिशा र रणनीतिक दिशाबोध हुनुपर्दछ भन्ने बुझाइ रहेको छ । गराइ, भोगाइ र सिकाइबाट नै भोलिको दिशाबोध र गन्तव्य तय हुन्छ । निर्वाचन त आवधिक हो । शासन र शत्ता पनि साधनमात्र हुन् । जनताका भावना, आत्मीयता र जनजीविकाका सवाललाई केन्द्रमा राखेर कमी कमजोरीको मिहीन समीक्षा र विश्लेषण हुने होला ।

पहिलो जनआन्दोलन २०४६ पश्चात् बहुदलीय शासन व्यवस्थाको स्थापना भयो । नेपाल अधिराज्यको संविधान, २०४७ नेपाली जनताले प्राप्त गरेपश्चात् सम्पन्न भएको व्यवस्थापिका संसद्को पहिलो निर्वाचनमा विजयी भई संसद् सदस्यका रूपमा नेता भण्डारीको संसदीय अभ्यासमा शालीन, गर्विलो र ओजश्वी उपस्थितिले नेपालको संसदीय परम्परामा छुट्टै छाप छोडेको छ । खरिलो कम्युनिस्ट नेता भएर पनि संसदीय अभ्यास र परम्परामा प्रमुख विपक्षी दलको समन्वयकारी नेताका रूपमा उभ्याउन सक्नु महत्त्वको थियो ।

उनले लौकिक जीवनको असामयिक मृत्युवरणअघिका दुई वर्ष संसद् सदस्य हुनुबाहेक अरु सार्वजनिक पद लिएनन् । जसका कारण उनलाई बाहिरी दुनियाँले कमै चिनेको सन्दर्भमा सन् १९९१ मा विश्वप्रसिद्ध अमेरिकी पत्रिका न्युजविकमा उनको अन्तर्वार्ता प्रकाशित भयो । जबकि, उनको अन्तर्वार्ता विरलै प्रकाशित हुन्थ्यो । न्युजविकमा अन्तर्वार्ता प्रकाशित भएपछि मदनका विचार, मार्क्सवादको सामयिक प्रयोग, नेपालको कम्युनिस्ट आन्दोलनका विविध आयाममा उनका सारपूर्ण विचार सम्प्रेषित भयो । अन्तर्वार्ताको शीर्षक 'नेपालमा कार्ल मार्क्स बस्नुहुन्छ' भन्ने थियो ।

साथै, उनको निधनको केही समयअघि कोलकातामा सन् १९९३ मा सम्पन्न भएको विश्वका २४ देशका कम्युनिस्ट पार्टीको सम्मेलनमा मदन भण्डारीको मार्क्सवादी चिन्तन र दृष्टिकोण सम्बन्धमा सारपूर्ण कार्यपत्र प्रस्तुत भएको थियो । उनको विचार २१औं शताब्दीको कम्युनिस्ट आन्दोलन र मार्क्सवादको सामयिक र व्यावहारिक धरातलमा उभिएको राजनीतिक सिद्धान्त र दर्शनका रूपमा स्थापित भयो । जनताको बहुदलीय जनवाद (जबज) नेकपा एमालेको राजनीतिक तथा वैचारिक सिद्धान्तका रूपमा पछिल्लो समयमा स्थापित भयो । उनको जबजको विचारलाई एमालेको पाचौं राष्ट्रिय अधिवेशनले अनुमोदन गरेपश्चात् त्यस पार्टीको आधिकारिक वैचारिक तथा सैद्धान्तिक विचारधारा बनेको थियो ।

नेपालको कम्युनिस्ट आन्दोलनमा जबजको विचार एक महत्त्वपूर्ण सापेक्षक विचार र राजनीतिक सिद्धान्तका रूपमा स्थापित भयो । जबज विचार भूराजनीतिक अवस्था तथा मार्क्सवादको समचीनि व्याख्यात्मकको सार हो । उपयोगका आधारमा मार्क्सवादी सिद्धान्तको आधार सिद्धान्तसमेत रहन सक्यो । मार्क्सवादी विचार गत्यात्मक र गतिशील विचार हो । वर्गीय विश्लेषणका द्वन्द्वात्मक मान्यता र निरन्तरको गतिशीलता नै मार्क्सवाद हो । होइन भने त्यो निकै हदसम्म जडसूत्रवादको प्रतिछायाँमात्र रहन्छ । गतिशीलता र समग्र परिवर्तनका आयामलाई वैज्ञानिक विचारले राजनीतिक नीति र सिद्धान्तमा रूपान्तरण गर्नु नै मार्क्सवादी वैचारिक धरातल हो । यस मानेमा मदनको जबजले निकै हदसम्म न्याय गरेको छ ।

तात्कालीन नेकपा मालेबाट नेकपा एमाले हुँदै दलीय राजनीतिको अभ्यासले निखारिन प्रयास गरिरहेको एमालेको महासचिवजस्तो प्रभावशाली नेतृत्व सम्हालेका नेता मदनले कम्युनिस्ट विचारको वैचारिक धरातलमा पृथक राजनीतिक विचार जबजलाई नेकपा एमालेको विचार र मार्गदर्शक सिद्धान्तका रूपमा अघि सारे । कम्युनिस्ट आन्दोलनको वैचारिक आयामको प्रायोगिकतालाई हालको नेकपा एमालेले वैचारिक आधारशीला बीउपुँजीका रूपमा लिई आयो ।

चितवनको दासढुंगामा २०५० जेठ ३ गते जननेता मदन तथा अर्का प्रभावशाली नेता जीवराज आश्रितको अकल्पनीय तथा स्तब्धमय निधनले सिंगो मुलुक भावविह्वल तथा स्तब्ध रहयो । राजनीतिक वृत्त, मिडिया र जनमानसमा त्यो स्तब्धकारी घटनालाई कारुणिक परिदृष्यको दुर्घटनाका रूपमा लिइ आए । त्यो क्षति सिंगो मुलुक र नेकपा एमाले पार्टी र कम्युनिस्ट आन्दोलनका लागि थियो । अकल्पनीय निधनको घटना कसैका लागि पनि सहज थिएन । नेपाली राजनीतिको एक नायकको इहलिला समाप्त भयो तर उनका विचार, कम्युनिस्ट सिद्धान्त तथा विचार राजनीतिकको पाटामा चीरस्थायी रहला नै । विश्व कम्युनिस्ट आन्दोलनमा उनीद्वारा प्रतिपादित जनताको बहुदलीय जनवादले फरक पहिचानसहित नयाँ उचाई प्राप्त गर्‍यो । जबजको प्रतिपादकका रूपमा नेपाली जनता र विश्व कम्युनिस्ट आन्दोलनको क्षेत्रमा मदन चीरस्मरणीय रहन्छन् । मार्क्सवादी विचारको नवीनतम् प्रयोग विचार र मूल्य, जनसंगठन र जनताका प्रतिनिधिमूलक संस्थाका माध्यमबाट अघि बढाउने मान्यताको प्रयोग उनले गरे । त्यो मार्क्सवादको वैज्ञानिकता र गतिशीलताको अभ्यासको निरन्तरता थियो । मार्क्सवादलाई गतिशील तथा समयानुकूल प्रयोगको आयामका रूपमा जबजको सिद्धान्त रहनसक्यो ।

मदन वैचारिक सिद्धान्तकार थिए नै । 'सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्त हुनुपर्दछ,' उनको मान्यता थियो । साथै, 'अनुशासनवीनाको स्वतन्त्रता स्वेच्छाचारी हुन्छ र स्वतन्त्रताविनाको अनुशासन निरंकुशतन्त्र हुन्छ' भन्ने मान्यतालाई उनले जोडदाररूपमा पैरवी गरे । क्रान्ति यथास्थितिको मात्रात्मक विकल्प होइन त्यो गुणात्मक पद्धति र राज्य सञ्चालनको उत्कृष्ट अभ्यास हुनुपर्छ भन्ने मान्यता स्थापित गरे । उनमा मास पोलिटिकल लिडरको गुण पनि कम थिएन । बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछिको पहिलो व्यवस्थापिका संसद्को निर्वाचनका दौरानमा नेता भण्डारीको मास पोलिटिकल लिडरको क्षमता आमनेपाली जनताले देखेकै हुन्, अनुभव गरेकै हुन् । समकालीन राजनीतिक वृत्तमा कुशल र प्रखर वक्ताको छवि बनाउन सके । कुशल संगठक भएरै पञ्चायती निर्दलीय (एक दलीय) व्यवस्थाको प्रतिकूल परिस्थितिमा पार्टी संगठन चलायमान गर्ने चुनौती थिए । राजनीतिक आयाम र परिस्थितिको मिहीन विश्लेषण क्षमताले तात्कालीन नेकपा माले र नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी) बीच कम्युनिस्ट पार्टी एकीकरण सम्भव भयो । साथै, एकीकृत पार्टी नेकपा एमालेको महासचिवको महत्त्वपूर्ण जिम्मेवारी मदन भण्डारीले कुशलतापूर्वक निर्वाह गरे ।

उनी समाजवादी आन्दोलनलाई नयाँ शिराबाट व्याख्या र विश्लेषण गर्ने कुशल भाष्यकारका रूपमा लिन सकिन्छ । विशेषतः पश्चिमा विश्वमा आएको उदारवाद तथा खुल्ला राजनीतिक प्रतिस्पर्धामा कम्युनिस्ट दर्शनको समाजवादी विचारलाई कसरी स्थापित गर्न सकिन्छ र तात्कालीन पूर्वी युरोपलगायत सोभियत संघको विघटन र अवसानपछि विश्व कम्युनिस्ट आन्दोलन नै अवसानको दुर्गतिबाट रोक्नका लागि यो जबज विचार सञ्जीवनी भयो । पुनर्जागरणको टड्कारो प्रतिछायाँमा नवीन वैचारिक सोपान जनताको बहुदलीय जनवाद थियो । जबजको प्रयोग र व्याख्याको व्यावहारिकता पुष्टि गर्न मदन भण्डारी सफल भए । कम्युनिस्टका प्रगतीशील अभियन्ताभन्दा कञ्जुस्याइँ नरहला । विचार स्वीकृत र अस्वीकृतका फरक पाटा रहलान् । जनताको बहुदलीय जनवादको विचार नेपाली कम्युनिस्ट आन्दोलनमा अभ्यास र प्रयोगमा जीवन्त रहने प्रयास गर्ला । मार्क्सवादी चिन्तनले गतिशीलता र द्वन्द्वात्मकतालाई समेट्छ । विचार र सिद्धान्तको द्वन्द्वात्मकता, वर्गीय पहिचान मार्क्सवादको आधार हो । मार्क्सवादको प्रायोगिकताको धरातलमा जनताको बहुदलीय जनवादको व्याख्या र प्रयोग हुनुमा कसैको दुईमत नरहला । हिजो कार्ल मार्क्सले पनि हेगेलको द्वन्द्ववाद र फायरबाखका भौतिकवादी सिद्धान्त र विचारलाई संश्लेषण गर्दै मार्क्सवादी कम्युनिस्ट सिद्धान्त उजिल्याएका हुन् ।

नेपाली राजनीतिकका एक शिखर व्यक्तित्व मदन भण्डारीको जनताको बहुदलीय जनवादको प्रायोगिकता र मार्क्सवादको सान्दर्भिक उपयोगको आयामेली पाटो रहिरहला । जसले नेपाल र विश्व कम्युनिस्ट आन्दोलनमा स्पष्ट प्रभाव छोडेको छ । साथै, नेपाली कम्युनिस्ट आन्दोलनमा जबज अघि बढ्नेमा दीर्घकालीन विश्लेषणको पाटो रहला ।

## पाठक मञ्च

# साढे सात खर्बको बेरुजुः सुशासनको उपहास

महालेखापरीक्षक कार्यालयले हालै सार्वजनिक गरेको ६३औं वार्षिक प्रतिवेदनले देशको वित्तीय अनुशासन र सुशासनको डरलाग्दो र निराशाजनक चित्र प्रस्तुत गरेको छ । सरकारी निकायहरूबाट हुने अनियमित खर्च अर्थात् बेरुजुको ग्राफ वर्षैपिच्छे आकासिनु र कूल बेरुजु रकम सात खर्ब ५५ अर्ब रूपैयाँ नाघ्नु सामान्य कुरा होइन । यो भनेको राज्यको ढुकुटीमाथि भइरहेको चरम लापरबाही, नीतिगत विचलन र विधिको शासनको खिल्ली उडाउनु हो । एउटा सचेत नागरिकका नाताले यो भयावह तथ्यांकले मलाई मात्र होइन, देशको विकास र समृद्धिको चाहना राख्ने हरेक नेपालीलाई गम्भीर र आक्रोशित बनाएको छ ।

प्रतिवेदनअनुसार गत आर्थिक वर्ष २०८१/८२ मा मात्रै ८८ अर्ब नौ करोड रूपैयाँ बेरुजु थपिएको छ । सर्वसाधारणले गाँस काटेर तिरेको कर र राज्यले लिएको वैदेशिक ऋणको ठूलो हिस्सा कसरी अनुत्पादक र प्रक्रिया नपुर्‍याई खर्च भइरहेको छ भन्ने कुराको यो बलियो प्रमाण हो । अझ चिन्ताको विषय त के छ भने, देशको आर्थिक नीति निर्माण गर्ने र वित्तीय अनुशासनको पहरेदारी गर्नुपर्ने अर्थ मन्त्रालय नै वित्तीय अनुशासनहीनताको केन्द्र बनेको देखिन्छ । संघीय मन्त्रालयहरूमध्ये कूल बेरुजुको ७० प्रतिशत हिस्सा (३७ अर्ब ६३ करोड ३१ लाख रूपैयाँ) अर्थ मन्त्रालय र त्यस मातहतका निकायममात्रै हुनु आफैंमा लज्जास्पद विषय हो । 'बाँड्ने नै चोर भएपछि कसको के लाग्छ' भनेझैं, जसले आर्थिक अनुशासन सिकाउनुपर्ने हो, उसैको घरभित्र यति ठूलो बेरुजु देखिनुले हाम्रा प्रणालीगत सुधारका गफहरू कति खोक्रा छन् भन्ने छर्लंग पार्छ ।

त्यस्तै, दोस्रो स्थानमा रहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको १३.२८ प्रतिशत (सात अर्ब १० करोड रूपैयाँ) बेरुजुले विकास निर्माणका आयोजनाहरूमा हुने गरेको वित्तीय अराजकता र कमिसनतन्त्रको संकेत गर्छ । विकासका नाममा खनिएका सडक, बनाइएका पुल र अन्य पूर्वाधारका आयोजनाहरूमा कसरी ऐन नियम मिचेर भुक्तानी दिइन्छ र बेरुजु थपिन्छ भन्ने कुरा जगजाहेर छ ।

स्थानीय तहको अवस्था झन् कहालीलाग्दो छ । सिंहदरबारको अधिकार गाउँगाउँमा पुर्‍याउने भनिए पनि वित्तीय अनुशासनहीनता र भ्रष्टाचार पनि गाउँगाउँमै संस्थागत भएको प्रतिवेदनले देखाउँछ । स्थानीय तहको कूल बेरुजु दुई खर्ब २० अर्ब ४७ करोड रूपैयाँ नाघिसकेको छ । गत आवमामात्रै १९ अर्बभन्दा बढी बेरुजु थपिनुले स्थानीय जनप्रतिनिधि र कर्मचारीहरू जवाफदेही बन्न नसकेको पुष्टि गर्छ । अझ विडम्बनाको कुरा, एउटा स्थानीय तहले त लेखापरीक्षण नै गराएको छैन । कानुनको पालना गर्नुपर्ने स्थानीय सरकारले लेखापरीक्षण नै नगराउनु भनेको वित्तीय अराजकताको पराकाष्ठा हो । प्रदेशतर्फ मधेस प्रदेशमा सबैभन्दा बढी (३.७७ प्रतिशत) र बागमती प्रदेशमा सबैभन्दा कम (०.८३ प्रतिशत) बेरुजु देखिनुले प्रदेश सरकारहरूबीच सुशासन र आर्थिक पारदर्शितामा रहेको ठूलो खाडललाई उजागर गर्छ ।

प्रतिवेदनले अर्को एउटा गम्भीर तथ्य पनि बाहिर ल्याएको छ–आन्दोलन र विभिन्न घटनाका कारण १७९ कार्यालयको एक खर्ब ४७ अर्ब ९० करोड रूपैयाँ बराबरको लेखापरीक्षण हुनै सकेन । यो लेखापरीक्षण हुन नसकेको रकमभित्र कति अनियमितता लुकेको होला ? प्रमाण नै नष्ट भएपछि यसको खोजी र छानबिन कसले, कसरी गर्ने ?

बेरुजु हुनु भनेकै सीधै भ्रष्टाचार हुनु नभए पनि यो भ्रष्टाचारको प्रारम्भिक खुड्किलो र ढोका भने पक्कै हो । ऐन नियमविपरीत खर्च गर्ने, रीत नपुर्‍याई भुक्तानी दिने र म्याद नाघ्दा पनि पेस्की फर्स्योट नगर्ने प्रवृत्तिले नै अन्ततः संस्थागत भ्रष्टाचारलाई प्रश्रय दिइरहेको छ । प्रतिवेदनले औंल्याएको अर्बौं रूपैयाँ असुल गर्नुपर्ने विधामा पर्नुले राज्यको सम्पत्ति सीधै दुरूपयोग भएको देखिन्छ । यति हुँदाहुँदै पनि विगतको बेरुजु फर्स्योट र असुलीको दर (मात्र १४ अर्ब ६३ करोड रूपैयाँ) अत्यन्तै सुस्त छ ।

अब प्रश्न उठ्छ, महालेखापरीक्षकको प्रतिवेदन हरेक वर्ष राष्ट्रपतिकहाँ बुझाइने, संसद्मा छलफल हुने र सञ्चारमाध्यममा समाचारको हेडलाइन बन्ने तर बेरुजु गर्नेहरूमाथि कुनै कारबाही नहुने यो कस्तो परम्परा हो ? जबसम्म बेरुजु निकाल्ने जिम्मेवार पदाधिकारी, कर्मचारी वा जनप्रतिनिधिलाई व्यक्तिगतरूपमा जवाफदेही बनाइँदैन, तबसम्म यो बेरुजुको पहाड घट्नेवाला छैन । बेरुजु रकमलाई सम्बन्धित अधिकारीको कार्यसम्पादन मूल्यांकनसँग जोडिनुपर्छ र जानाजानी कानुन मिचेर खर्च गर्नेलाई दण्डित गरिनुपर्छ ।

राज्यका जिम्मेवार निकायहरूले यस ६३औं प्रतिवेदनलाई केवल एउटा वार्षिक कर्मकाण्डको रूपमामात्र नलिइयोस् । अख्तियार दुरूपयोग अनुसन्धान आयोग, संसद्को सार्वजनिक लेखा समिति र सरकार आफैंले पनि यस प्रतिवेदनमाथि निर्मम भएर छानबिन गरोस् । सुशासन र समृद्धिको यात्रा नारामामात्र सीमित नभई व्यवहारमा देखिनका लागि देशलाई यो साढे सात खर्बको बेरुजुको पासोबाट मुक्त गर्नैपर्छ ।

**- कुमार सिवाकोटी**
धुम्बाराही, काठमाडौं

पृष्ठ ३ बाट क्रमशः

## विवादित...

आङ्देम्बेले यो व्यवस्थाले प्रतिनिधिसभा नियमावलीलाई नै विशेष कानुनको हैसियत दिन खोजिएको भन्दै असहमति प्रकट गरेका हुन् । उनले भने, 'नियमावली मुलतः संसद्को कार्य सञ्चालनका लागि बनाइने अधीनस्थ कानुनी दस्तावेज हो । यसले संविधान वा संसद्ले बनाएको प्रचलित कानुनभन्दा माथि रहने अधिकार पाउँदैन ।'

उनले यस्तो व्यवस्था राख्नुको उद्देश्य सम्पत्ति शुद्धीकरणजस्तो फौजदारी अभियोगमा मुद्दा खेपिरहेका सत्तापक्षीय सांसदहरूको पद निलम्बन रोक्नु हुन सक्ने बताए । 'स्पष्ट छ कि सम्पत्ति शुद्धीकरणजस्तो फौजदारी अभियोगमा मुद्दा खेपिरहेका सत्तापक्षीय कुनै सांसदको पद निलम्बन रोक्ने उद्देश्यले यस्तो प्रावधान ल्याइएको भनेर बुझ्न कठिन छैन,' उनले भने ।

आङ्देम्बेको दल कांग्रेसले संशोधित प्रतिनिधिसभा नियमावलीलाई 'संविधानमाथिको बलमिच्याइँ' भन्दै विरोध गरेको छ । नियमावलीको नियम २६० र २६१ माथि पनि गम्भीर प्रश्न उठाएको छ । नियम २६० मा 'यस नियमावलीको व्याख्या गर्ने अधिकार सभामुखलाई हुने छ र निजको निर्णय अन्तिम हुने छ' भन्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

नेकपा एमालेका प्रमुख सचेतक ऐन महरले संविधानको सर्वोच्चतालाई नियमावलीको संशोधित प्रावधानले खिल्ली उडाएको पनि दाबी गरे । उनले भने, 'कुनै पनि पदाधिकारीको निर्णय पूर्णतः अन्तिम र निरपेक्ष हुन सक्दैन ।' यस्तै, नियम २६१ मार्फत अदालतमासमेत प्रश्न उठाउन नपाइने व्यवस्था गरिएको भन्दै एमालेले त्यसलाई न्यायिक पुनरवलोकनमाथिको सीधा हस्तक्षेप मानेको छ । 'संसद्ले नियमावलीमार्फत अदालतको अधिकार सीमित गर्न सक्दैन । यो कदम असंवैधानिक छ,' महरले भने ।

नेकपाले नियमावलीको विवादास्पद प्रावधान तत्काल हटाउन माग गरेको छ । 'संसद्को गरिमा सांसदलाई कानुनभन्दा माथि राखेर होइन, सबैलाई कानुनको दायरामा समान रूपमा ल्याएरमात्रै जोगिन सक्छ,' नेकपाका प्रमुख सचेतक युवराज दुलालले भने । उनले संविधानभन्दा माथि नियमावली हुन नसक्ने पनि बताए । 'प्रतिनिधिसभा नियमावलीले प्रचलित कानुनलाई चुनौती दिने संवैधानिक अधिकार राख्दैन,' दुलाल बताउँछन् । उनका अनुसार नियमावलीको विवादास्पद प्रावधान यथास्थितिमा स्वीकार गर्न सकिँदैन ।

मस्यौदा समिति सभापति गणेश पराजुलीले भने समितिको बहुमतले मस्यौदा पारित गरिएको बताए । उनले अब प्रतिनिधिसभा बैठकबाट पनि पारित हुने दाबी गर्दै कसैलाई जोगाउनेगरी नियमावलीको मस्यौदा तयार नगरिएको जिकिर गरे । 'जे कुरा बाहिर आएको छ, त्यो सत्य होइन, हामीले कसैलाई जोगाउने नियत नियमावली संशोधनमा गरेका छैनौं,' उनले भने ।

गत ८ वैशाखमा प्रतिनिधिसभा नियमावलीको मस्यौदा तयार भएको थियो । नियमावली संशोधन गर्न गठित समितिले सभामुख डिपी अर्याललाई नियमावलीको मस्यौदा बुझाइसकेको छ । नियमावलीमा देखिएका कमजोरी सुधार्न र समसामयिक बनाउन संसद्मा रहेका छ वटै दलको प्रतिनिधित्व हुनेगरी १५ सदस्यीय मस्यौदा समिति गठन गरिएको थियो । रास्वपा संसदीय दलका उपनेतासमेत रहेका गणेश पराजुली सभापति रहेको समितिको सदस्यहरूमा ओजस्वी शेरचन, खगेन्द्र सुनार, खुस्बु ओली, गजला समिम मिकरानी, तपेश्वर यादव, ध्रुवराज राई, निशा डाँगी, निस्कल राई, बलावती शर्मा, मधु चौलागाई, यज्ञमणि न्यौपाने, रेखाकुमारी यादव र सुलभ खरेल थिए ।

■■■

## कांग्रेस एकताका...

गत पुस मसान्तमा गगनले एकलौटीरूपमा विशेष महाधिवेशन गर्दा १४औं महाधिवेशनबाट निर्वाचित पदाधिकारीदेखि केन्द्रीय सदस्यहरू अहिलेको केन्द्रीय समितिमा छैनन् । त्यसमध्ये हालै १९ जनालाई थापाले केन्द्रीय सदस्यमा मनोनीत गरेका छन् ।

सभापति थापाले फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा कांग्रेसले १० लाख मतदाता गुमाएको उल्लेख गर्दै ती मतदाता माझमासमेत आफू पुग्नुपर्ने अवस्था आएको बताए । 'कांग्रेस भनेको लार्जर डेमोक्रेटिक पार्टी हो । एउटा आइडिया हो । एउटा फेथ हो । तर यसपालि कांग्रेसले १० लाख समर्थक शुभेच्छुक मत गुमाएको छ । यो म १० लाखको माझमा म जान चाहन्छु । भरोसा दिन चाहन्छु । रिगेन गर्ने म त्यो ठाउँमा कुरा गर्न चाहन्छु । म कम्युनिटीमा जान चाहन्छु,' सभापति थापाले भने ।

यसपटकबाट कांग्रेस ३० वर्षमुनिकालाई महाधिवेशन प्रतिनिधिमा कोटासमेत छुट्याएको थापाले बताए । त्यसैगरी कांग्रेसले प्रत्येक प्रतिनिधिसभाबाट तीन जना ३० वर्ष मुनिकालाई महाधिवेशन प्रतिनिधिसमेत सुनिश्चित गरेको छ । '३० वर्षमुनिका युवाहरूलाई आवेदन दिनेबित्तिकै क्रियाशील सदस्यता दिन सुरू गरेका छौं, पार्टीमा युवाहरूलाई उचित अवसर र ठाउँ दिन पनि यो आवश्यक छ,' सभापति थापाले भने ।

कर्णालीको सुर्खेतमा शनिबार र आइतबार पूर्वउपसभापति पूर्णबहादुर खड्कापक्षले गरेको प्रदेशस्तरीय भेलाले पार्टी एकताका सूत्र सार्वजनिक गरेपछि सभापति थापाले सार्वजनिकरूपमा प्रस्ताव अघि बढाएका हुन् । खड्कापक्षले गरेको भेलापछि जारी उक्त सूत्रमा भनिएको छ, 'नेपाली कांग्रेसको १५औं महाधिवेशन एकताको महाधिवेशनको रूपमा सम्पन्न गर्नुपर्दछ । यसका लागि वर्तमान सभापति गगनकुमार थापाज्यूले पार्टीका शीर्ष नेता, वर्तमान तथा पूर्व पदाधिकारीसँग सघन संवाद गरी समयमै पार्टीको १५औं महाधिवेशनलाई विश्वसनीय, निष्पक्ष र सम्पूर्ण कांग्रेसजनको सहभागिताको वातावरण सुनिश्चित गर्न नेतृत्वदायी पहल कदमी तत्काल प्रारम्भ गर्न हामी अनुरोध र आह्वान गर्दछौं ।'

खड्का पक्षले हाल पुनः नवीकरण गर्ने गरी सुरु गरिएको अद्यावधिक गर्ने कार्य स्थगित गरी तत्काल बृहत्तर एकता र सहमतिका आधारमा १५औं अधिवेशनका सबै प्रक्रिया अघि बढाउन वातावरण निर्माण गर्नसमेत आग्रह गरेको छ ।

■■■

## आन्दोलनको...

यो विषय विगतदेखि नै जानकारी गराउँदै आए पनि सरकारले आफूहरूको समस्यालाई बेवास्ता गर्दै आएको उनीहरूको गुनासो छ । पश्चिम एसियाको युद्धले केही समय रोकिएको खाडीको रोजगारी बल्ल सञ्चालन हुँदा सरकारले व्यवसायीमाथि धरपकड सुरु गरेकाले व्यवसाय बन्द गर्नुपर्ने अवस्थामा पुगेको फचुचर स्टार म्यानपावर प्रालिका सञ्चालक तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सल्लाहकार हरिबहादुर पाण्डे बताउँछन् ।

हाल करिब ९५ प्रतिशत व्यवसायी व्यवसाय गर्न नसक्ने अवस्थामा पुगेको उनको भनाइ छ । विगतदेखि राख्दै आएको विषय राज्यले सम्बोधन नगर्दा समस्या भएको उनले बताए । 'व्यवसायी आफिस जाने र आउनेमात्र हो । श्रमिक पठाउने, नयाँ डिमाण्ड ल्याएर इन्टरभ्यु गराउनेलगायतका काम भएको छैन । अहिले पाँच प्रतिशत व्यवसायीलेमात्र काम गरेका होलान्,' उनले भने, 'विगतदेखि नै हामीले हाम्रो समस्या भन्दै आएका थियौं । हामीलाई दक्षिण एसियाका मुलुकमा भएको प्रावधानअनुसारको सेवा शुल्क निर्धारण गर्न भन्दै आएका छौं । तर राज्यले सुनिरहेको छैन ।'

पाण्डेले सरकारलाई व्यवसाय आवश्यक पर्छ या पर्दैन भन्ने जवाफ मागेपछि त्यहीअनुसार अघि बढ्ने बताए । 'हामी झैझगडा गर्दैनौं । शान्त ढंगले अनिश्चितकालका लागि कार्यालय बन्द गर्छौं,' उनले भने, 'राज्यले व्यवसायीलाई व्यवस्थित, मर्यादित बनाउन सक्छ भने व्यवस्थित र मर्यादित हुन हामी तयार छौं । होइन भने हाम्रो धरौटी फिर्ता दिएर लाइसेन्स राज्यले लिए हुन्छ ।' तत्कालीन श्रम राज्यमन्त्री टेकबहादुर गुरुङले २०७२ असार २१ गते प्रमुख सात गन्तव्य मुलुक साउदी अरब, कतार, मलेसिया, संयुक्त अबर इमिरेट्स, ओमान, बहराइन र कुवेत जाने कामदारको भिसा र टिकटको रकम रोजगारदाताले व्यहोर्नुपर्ने निर्णय गरेका थिए । उक्त निर्णयबाट म्यानपावर कम्पनीले १० हजार रूपैयाँमात्र सेवा शुल्क लिन पाउने भनिएको थियो । तर उक्त सेवा शुल्कमा काम गर्न नसक्ने व्यवसायीहरूले बताउँदै आएका छन् । रोजगारीमा जानका लागि विभिन्न शीर्षकमा लाग्ने खर्च नै हजारौं भएको अवस्थामा कार्यान्वयन हुन नसक्ने भएकाले व्यवसाय बन्द गर्नुको विकल्प नभएको लियो इन्टरनेसनल कन्सलटेन्सी प्रालिका सञ्चालक कमल निरौलाले बताए ।

'मैले काम गर्ने युएईमा हो । त्यहाँको पुलिस रिपोर्ट प्रमाणीकरणमै १६-१७ हजार रूपैयाँ खर्च लाग्छ,' उनले प्रभावसँग भने, 'श्रमिकलाई १० हजारभन्दा बढी पैसा नतिर्न भनेको छ । म त एक डेढ महिनादेखि त्यतिकै बसिरहेको छु । १० हजारभन्दा बढी लिए पक्राउ परिन्छ । कसरी काम गर्ने यस्तोमा ?'

हाल फ्रि-भिसा, फ्रि-टिकटमा पाँचदेखि छ प्रतिशत श्रमिकमात्र गइरहेको व्यवसायीको दाबी छ । सबै मागपत्रमा रोजगारदाताले खर्च नव्यहोर्ने हुँदा श्रमिकसँग सेवा शुल्क लिन बाध्य भएको व्यवसायीहरू बताउँछन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघभित्रको आन्तरिक कलहले गर्दा व्यवसायीमाथि सिर्जना गरिएको आतंकविरुद्ध आन्दोलनमा जान नसके पनि अब केही दिनमै चरणबद्ध आन्दोलन सार्वजनिक हुने संघका द्वितीय उपाध्यक्ष देवकुमार खोखालीले बताए । विभागसँग भएको वार्ता र त्यसको कार्यान्वयनको पक्षमा कुनै तादाम्यता नमिलेको उनको भनाइ छ ।

'अहिले हामी घरकै कलहले गर्दा आन्दोलनको स्वरूप सार्वजनिक गर्न पाएका छैनौं । केही दिनमै आन्दोलनका कार्यक्रम सार्वजनिक गर्छौं,' उनले भने, 'त्योभन्दा पहिले संवादबाट हुन्छ कि भनेर वार्तामा बस्यौं । वार्ता कहिल्यै नराम्रो नहुने रहेछ । विभागले बोल्ने एउटा र गर्ने अर्कै हुँदा चरणबद्ध आन्दोलनमा जान्छौं भनेर भनिसकेको छौं ।'

गत शुक्रबार पनि वैदेशिक रोजगारीमा गएको श्रमिक फर्किएको विषयलाई लिएर विभागमा कर्मचारी र व्यवसायीबीच चर्काचर्की चलेको थियो । रोजगारीमा पठाएको श्रमिक काम गर्न नसकेर केही महिनाअघि फर्किएको विषयमा विभागले व्यवसायीलाई चिठी काट्ने, धम्क्याउने गरेको भन्दै व्यवसायीहरू विभाग पुगेपछि दुई पक्षबीच रस्साकस्सी चलेको थियो । यसै विषयलाई लिएर विभागले विभिन्न मागहरू राखेर हुलहुज्जत गरी विभागको सेवा प्रवाहमा असर परेको र सुरक्षा संवेदनशीलतासमेत बढेको भन्दै सूचना जारी गरेको थियो । यस्ता गतिविधि गरेमा कानुनबमोजिम फौजदारी अभियोगमा कारबाही गरिने पनि विभागले उल्लेख गरेको छ ।

**साउदीमा रोजगार** कम्पनी : ABDULLAH A AL BARRAK & SONS CO

पूर्व स्वीकृति मिति : २०८२/११/०५ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०३ LT. No. 339201 चलानी नं.६०२५२६६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loading and unloading worker/ helper | 45 | 0 | 1000 | ४०,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ११ गते (25th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD. श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +01-4589104, Ujjwal Kc 9701051889

**ओमनमा रोजगार** कम्पनी : AL ADRAK TRADING AND CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/२० पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०३ LT. No. 333639 चलानी नं. ६०२४७६४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Mason | 1 | 0 | 120 | ४७,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Stone Mason | 1 | 0 | 120 | ४७,९१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ११ गते (25th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३७/०५५/०५६
Hit Overseas Employment Pvt.Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977- 01-4359147, 4357454,
Bhuban Pun : 9851056401 E-mail : bhubanpun@gmail.com

**साउदीमा रोजगार** कम्पनी : PISTACHIO WORLD SWEETS ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०९/२८ LT. No. 336994 चलानी नं. ६०२५०५७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SWEETS MAKER | 5 | 0 | 1500 | ६१,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| २७ | ऋणीको नाम : रमेश व्यञ्जनकार<br>बाबुको नाम : आश राम व्यञ्जनकार<br>बाजेको नाम : भिम देव व्यञ्जनकार<br>ठेगाना : ललितपुर १२<br>ना.प्र.न : ९८६६८ | जमानीको नाम : खड्ग ब. गौतम<br>बाबुको नाम : हरि ब. गौतम<br>ठेगाना : कात्तिके देउराली ६ काभ्रे<br>ना. प्र.न ३०३००८/६३१ |
| २८ | ऋणीको नाम : रंजित महर्जन<br>बाबुको नाम : रत्न काजी महर्जन<br>बाजेको नाम : किष लाल महर्जन<br>ठेगाना : ललितपुर ६<br>ना.प्र.न : १०८२३८ | जमानीको नाम : राजीव बज्राचार्य<br>बाबुको नाम : राज कुमार बज्राचार्य<br>ठेगाना : भक्तपुर १४<br>ना. प्र.न २९-०१-०६७-०४६२७ |
| २९ | ऋणीको नाम : शुशिला धिमिरे<br>बाबुको नाम : बाल कृष्ण तिमिल्सना<br>पतिको नाम : विदरु प्र. घिमिरे<br>ठेगाना : वुखेल ३, ललितपुर<br>ना.प्र.न : ६५०९६ | जमानीको नाम : विदरु प्र. घिमिरे<br>बाबुको नाम : बाल कृष्ण घिमिरे<br>बाजेको नाम : हुहराज घिमिरे<br>ठेगाना : गोदावरी १०, ललितपुर<br>ना.प्र.न : ५८४०० |
| ३० | ऋणीको नाम : अर्जुन प्रसाद सापकोटा<br>बाबुको नाम : खडानन्द सापकोटा<br>बाजेको नाम : लक्ष्मण सापकोटा<br>ठेगाना : गिन्दी ४, ललितपुर<br>ना.प्र.न : ९/७५७ | जमानीको नाम : राज सापकोटा<br>बाबुको नाम : अर्जुन प्रसाद सापकोटा<br>बाजेको नाम : खडानन्द सापकोटा<br>ठेगाना : गिन्दी ४, ललितपुर<br>ना.प्र.न : २८-०१-७२-०५५८२ |
| ३१ | ऋणीको नाम : विजय कुमार महर्जन<br>बाबुको नाम : जगत ब. महर्जन<br>बाजेको नाम : हेरमान महर्जन<br>ठेगाना : सुनाकोठी २७, ललितपुर<br>ना.प्र.न ६०२३ | जमानीको नाम : हिरा देवी महर्जन<br>बाबुको नाम : हेर ब. महर्जन<br>ठेगाना : सुनाकोठी २७, ललितपुर<br>ना.प्र.न ६३४२३ |
| ३२ | ऋणीको नाम : ओम बहादुर अधिकारी<br>बाबुको नाम : लाल ब.अधिकारी<br>बाजेको नाम : नर ब. अधिकारी<br>स्थाई ठेगाना : दोलखा ५<br>ह्वाल ठेगाना : हात्तिवन, ललितपुर<br>ना.प्र.न : १६९२/०२०९० | जमानीको नाम : सानु बाबु के.सी<br>बाबुको नाम : शीव ब. के.सी<br>बाजेको नाम : गणेश ब. के.सी<br>ठेगाना : भिमेश्वर ८, दोलखा<br>ना.प्र.न :२२-०१-७४-०१७७५ |
| ३३ | ऋणीको नाम : आशा थापा मगर<br>बाबुको नाम : शेर ब.थापा मगर<br>पतिको नाम : पवन कुमार मगर<br>ठेगाना : लालबन्दी ८, सर्लाही<br>ह्वाल ठेगाना : ललितपुर<br>ना.प्र.न : २०९५/८३३ | जमानीको नाम : रविना विष्ट<br>बाबुको नाम : जनक विष्ट<br>ठेगाना : इमाडोल ९, ललितपुर<br>ना.प्र.न :४३४५० |
| ३४ | ऋणीको नाम : ज्ञान कु .सुनुवार<br>बाबुको नाम : लाल ब. सुनुवार<br>बाजेको नाम : मान ब. सुनुवार<br>ठेगाना : रामेछाप १, जनकपुर<br>ह्वाल ठेगाना : ललितपुर १४<br>ना.प्र.न : ३८४९ | जमानीको नाम : ममता गुरुङ<br>बाबुको नाम : रण ब. गुरुङ<br>बाजेको नाम : ओम ब. गुरुङ<br>ठेगाना : हेटौडा ९<br>ना.प्र.न : ५२४१ |

## सुयोग बहुउद्देश्यीय सहकारी संस्था लि.

मानभवन-२०, ललितपुर, फोन नं.: ९८०११६५६७१, ९८०११६५६७१

# जलवायु परिवर्तनका कारण विश्वका नदीहरूमा अक्सिजन तीव्र रूपमा घट्दैः अध्ययन

**बेइजिङ–** नयाँ अध्ययनले जलवायु परिवर्तनका कारण विश्वभरका नदीहरूमा अक्सिजनको मात्रा निरन्तर घटिरहेको देखाएको छ, जसले ताजा पानीका लागि गम्भीर जोखिम सिर्जना गरेको छ ।



यो अध्ययन 'साइन्स एडभान्सेस' नामक वैज्ञानिक जर्नलमा प्रकाशित भएको हो । अनुसन्धान चिनियाँ विज्ञान प्रतिष्ठानअन्तर्गत नाञ्जिङ भूगोल तथा लिम्नोलोजी संस्थानका अनुसन्धानकर्ताहरूको नेतृत्वमा गरिएको हो । अनुसन्धान टोलीले सन् १९८५ देखि २०२३ सम्मको करिब ४० वर्षको तथ्यांक विश्लेषण गरेको थियो । अध्ययनमा विश्वभरका २१ हजारभन्दा बढी नदी खण्डहरूको अक्सिजन स्तर मापन गर्न उन्नत कम्प्युटर आधारित विश्लेषण विधि प्रयोग गरिएको थियो ।

अध्ययनअनुसार नदीहरूमा अक्सिजनको मात्रा औसतमा प्रति दशक ०.०४५ मिलिग्राम प्रतिलिटरका दरले घटिरहेको छ । अध्ययन गरिएका करिब ८० प्रतिशत नदीहरूमा अक्सिजन कमी देखिएको छ ।

विशेषगरी उष्णकटिबन्धीय क्षेत्रका नदीहरू सबैभन्दा बढी प्रभावित भएका छन् । यसअघि उच्च अक्षांशका क्षेत्रहरू बढी प्रभावित हुने अनुमान गरिएको भए पनि अध्ययनले उष्णकटिबन्धीय नदीहरू पहिले नै कम अक्सिजनयुक्त भएकाले अझ छिटो अक्सिजन गुमाइरहेको देखाएको छ ।

यसले अत्यन्त कम अक्सिजन हुने अवस्था निम्त्याउन सक्छ, जसका कारण माछा तथा अन्य जलचर प्राणीहरूको मृत्यु हुन सक्छ । अनुसन्धानकर्ताहरूका अनुसार पानीमा अक्सिजन घुल्ने क्षमता घट्नु नै मुख्य कारण हो, जसले कूल अक्सिजन ह्रासको करिब ६३ प्रतिशत हिस्सा ओगटेको छ । तातो पानीले चिसो पानीको तुलनामा कम अक्सिजन धारण गर्न सक्छ ।

त्यस्तै, तापक्रम, प्रकाश र पानीको बहावसँग सम्बन्धित प्रक्रियाहरूमा आएको परिवर्तनले थप १२ प्रतिशत अक्सिजन कमी गराएको अध्ययनले जनाएको छ । अत्यधिक गर्मीका लहरहरूले पनि नदीहरूको अक्सिजन ह्रासमा ठूलो भूमिका खेलेका छन् । अध्ययनले विश्वव्यापी नदी अक्सिजन कमीको करिब २३ प्रतिशत हिस्सा यस्ता गर्मीका लहरसँग सम्बन्धित रहेको देखाएको छ । अनुसन्धानमा अत्यन्त कम वा अत्यन्त बढी पानीको बहावले केही हदसम्म अक्सिजन कमीको गति घटाउन सक्ने पनि उल्लेख गरिएको छ । सामान्य अवस्थाको तुलनामा कम बहाव हुँदा अक्सिजन ह्रासको दर १९ प्रतिशतले घटेको पाइएको छ भने बढी बहाव हुँदा सातप्रतिशतले कमी आएको छ ।

अनुसन्धानकर्ताहरूले घट्दो अक्सिजन स्तरले नदीको जैविक विविधतामा गम्भीर असर पार्ने चेतावनी दिएका छन् । अक्सिजन कम हुँदा माछा तथा अन्य जीवहरू बाँच्न संघर्ष गर्नुपर्ने अवस्था सिर्जना हुन्छ । उनीहरूले विशेषगरी उष्णकटिबन्धीय क्षेत्रका देशहरूमा नीति निर्माताहरूलाई प्रभावकारी रणनीति अपनाउन आग्रह गरेका छन् । नाञ्जिङ भूगोल तथा लिम्नोलोजी संस्थानका अनुसन्धानकर्ता शी कुनले भने, 'यो अध्ययनले विश्वभरका नदीहरूमा भइरहेको अक्सिजन ह्रासलाई बुझ्न र न्यूनीकरण गर्न महत्त्वपूर्ण आधार प्रदान गरेको छ ।' *रासस/सिन्ह्वा*

# चीनले अन्तरिक्ष यात्राका लागि नयाँ अभियान सुरू गर्दै

**जिउछ्वान–** चीनले आफ्नो नयाँ मानवसहित अन्तरिक्ष अभियानअन्तर्गत अन्तरिक्षयानलाई चाँडै प्रक्षेपण गर्ने तयारी पूरा गरेको जनाएको छ । शुक्रबार सार्वजनिक गरिएको जानकारीअनुसार अन्तरिक्षयान र त्यसलाई अन्तरिक्षमा लैजाने वाहक रकेटलाई उत्तरपश्चिम चीनस्थित जिउछ्वान उपग्रह प्रक्षेपण केन्द्रको प्रक्षेपण क्षेत्रमा सफलतापूर्वक स्थानान्तरण गरिएको छ ।

चिनियाँ अधिकारीहरूले प्रक्षेपणका लागि आवश्यक प्राविधिक परीक्षण, उपकरण जाँच तथा अन्तिम तयारीहरू भइरहेको बताएका छन् । मौसम अवस्था र प्राविधिक मूल्यांकनपछि उपयुक्त समयमा प्रक्षेपण गरिने जनाइएको छ ।

यो अभियान चीनको अन्तरिक्ष कार्यक्रमको अर्को महत्त्वपूर्ण चरण मानिएको छ । यसमार्फत अन्तरिक्ष यात्रीहरूलाई चीनको अन्तरिक्ष केन्द्रमा पठाइने अपेक्षा गरिएको छ । चीनले पछिल्ला वर्षहरूमा अन्तरिक्ष प्रविधिमा तीव्र प्रगति गर्दै आफ्नै अन्तरिक्ष केन्द्र सञ्चालन गरिरहेको छ र नियमितरूपमा मानवसहित अन्तरिक्ष अभियान सञ्चालन गर्दै आएको छ ।

जिउछ्वान प्रक्षेपण केन्द्र चीनको प्रमुख अन्तरिक्ष प्रक्षेपण स्थलमध्ये एक हो, जहाँबाट अधिकांश मानवसहित अन्तरिक्ष अभियान प्रक्षेपण गरिन्छ । अभियान सफल भएमा चीनको अन्तरिक्ष अनुसन्धान तथा दीर्घकालीन अन्तरिक्ष योजनामा थप उपलब्धि हासिल हुने विश्वास गरिएको छ । *रासस/सिन्ह्वा*

# बढ्दो तापक्रम र महँगीले अस्ट्रेलियाको आवास संकट गहिरिने

**सिडनी–** जलवायु परिवर्तनको तीव्र असरका कारण अस्ट्रेलियामा आगामी वर्षहरूमा आवास संकट अत्यन्त गम्भीर बन्न सक्ने एक विस्तृत अध्ययनले देखाएको छ । अध्ययनअनुसार यदि उच्च स्तरमा प्रदूषण उत्सर्जन भइरह्यो भने सन् २०३५ सम्म घरबारविहीन हुने मानिसहरूको संख्या हालको तुलनामा चार गुणासम्म बढ्न सक्छ । यसले जलवायु परिवर्तनले केवल वातावरणमामात्र नभई मानिसहरूको दैनिकी, बसोबास र आर्थिक अवस्थामासमेत गहिरो प्रभाव पारिरहेको स्पष्ट पारेको छ ।

अनुसन्धानकर्ताहरूले जलवायु परिवर्तनका कारण विभिन्न आर्थिक र सामाजिक दबाब बढ्दै गएको बताएका छन् । विशेषगरी प्राकृतिक विपत्ति र अत्यधिक मौसमीय घटनाहरू बढेसँगै घर तथा सम्पत्तिको बिमा खर्च अत्यधिक महँगो हुने अनुमान गरिएको छ । बिमाको लागत बढेपछि घरधनी र भाडामा बस्ने दुवै वर्ग आर्थिक दबाबमा पर्ने छन् । त्यसैगरी बाढी, डढेलो, आँधी र अत्यधिक गर्मीजस्ता घटनाले निर्माण सामग्रीको आपूर्ति प्रणालीमा अवरोध पुऱ्याउने भएकाले नयाँ घर निर्माणको लागत पनि तीव्ररूपमा बढ्ने अध्ययनले देखाएको छ ।

अध्ययनमा उच्च प्रदूषण उत्सर्जनको अवस्थामामा घर खरिद गर्न लाग्ने खर्च दोब्बर हुन सक्ने उल्लेख गरिएको छ । यसका साथै घरभाडा ४५ प्रतिशतसम्म बढ्न सक्ने प्रक्षेपण गरिएको छ, जसले न्यून तथा मध्यम आय भएका परिवारलाई सबैभन्दा बढी असर गर्नेछ । बढ्दो महँगी र आवास अभावका कारण धेरै मानिसले स्थायी बसोबास गुमाउन सक्ने खतरा रहेको अध्ययनमा उल्लेख छ ।

अध्ययनले न्यून उत्सर्जनको अवस्थामासमेत अवस्था धेरै सहज नहुने चेतावनी दिएको छ । प्रदूषण कम गर्ने प्रयास सफल भएता पनि सन् २०२० को तुलनामा घरबारविहीनता दोब्बर हुन सक्ने र भाडामा बस्नेहरूको आर्थिक क्षमता २३ प्रतिशतले घट्न सक्ने अनुमान गरिएको छ । यसले जलवायु परिवर्तनको प्रभाव दीर्घकालीन र गम्भीर रहेको संकेत गर्दछ ।

अनुसन्धानकर्ताहरूले करिब दुई दशकको राष्ट्रिय आवास, आम्दानी तथा जनसांख्यिकीय तथ्यांकको अध्ययन गरेका थिए । उनीहरूले जलवायुजन्य संकट, सरकारी नीति, आर्थिक अवस्था र आवास बजारबीचको सम्बन्ध विश्लेषण गर्दै भविष्यमा आउन सक्ने जोखिमको प्रक्षेपण गरेका हुन् । अध्ययनमा विशेषगरी गलत ढंगले बनाइएका आवास नीतिहरूले असमानता अझ बढाउन सक्ने चेतावनी दिइएको छ । उदाहरणका लागि बिमा शुल्क वा गृहकर्जाको ब्याजदरमामात्र केन्द्रित नीतिहरूले आर्थिक भार भाडामा बस्नेहरूमाथि सार्न सक्ने बताइएको छ ।

अनुसन्धानकर्ताहरूका अनुसार भविष्यमा बनाइने हरेक आवास नीतिमा जलवायु परिवर्तनको सम्भावित असरलाई अनिवार्यरूपमा समावेश गर्नुपर्ने आवश्यकता छ । यदि जलवायु जोखिमलाई बेवास्ता गरियो भने आवास संकट अझ गहिरिने, सामाजिक असमानता बढ्ने र ठूलो संख्यामा मानिस घरबारविहीन बन्ने खतरा रहने अध्ययनले निष्कर्ष निकालेको छ । *रासस/सिन्ह्वा*

## कंगोमा इबोला प्रकोप

# ८० जनाभन्दा बढीको मृत्यु, विश्व स्वास्थ्य संगठनले घोषणा गऱ्यो आपत्काल

**कंगो–** डेमोक्रेटिक रिपब्लिक अफ कंगोमा फैलिएको इबोला रोगका कारण ८० भन्दा बढी मानिसको मृत्यु भएको छ । अवस्था गम्भीर बन्दै गएपछि विश्व स्वास्थ्य संगठनले यसलाई अन्तर्राष्ट्रिय सार्वजनिक स्वास्थ्य आपतकाल घोषणा गरेको छ ।

हालसम्म ८८ जनाको मृत्यु भइसकेको र ३३६ जनामा संक्रमणको शंका गरिएको स्वास्थ्य अधिकारीहरूले बताएका छन् । रोग तीव्ररूपमा फैलिँदै गएको भन्दै चिन्ता व्यक्त गरिएको छ । स्वास्थ्यमन्त्रीका अनुसार यो इबोलाका लागि हाल कुनै खोप उपलब्ध छैन । यस रोगको मृत्युदर करिब ५० प्रतिशतसम्म पुग्न सक्ने बताइएको छ । स्वास्थ्य सहायता संस्थाहरूले ठूलो मात्रामा सहयोग र उपचार टोली पठाउने तयारी गरिरहेका छन् ।

यो प्रकोप कंगोको इटुरी क्षेत्रमा सुरु भएको हो, जुन युगाण्डा र दक्षिण सुडानसँग सीमा जोडिएको छ । प्रारम्भिक बिरामी एक स्वास्थ्यकर्मी भएको बताइएको छ । स्थानीय मानिसहरूले उपचार केन्द्र र आइसोलेसनको अभावका कारण बिरामीहरू घरमै मृत्यु भइरहेको बताएका छन्, जसले रोग अझ फैलिने खतरा बढाएको छ । विश्व स्वास्थ्य संगठनले यो अवस्था अझै फैलिन सक्ने भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । *रासस/एएफपी*


## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Sky Blue H.R. Solution Pvt. Ltd.** (ई.प.नं. १६६४/०८०/८१) मा कार्यरत **सुदेन गुरुङ** (ना.प्र.प्र.नं.०३-०२-०४८/२०२५) **र शंखर तामाङ** (ना.प्र.प्र.नं.२४७) लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

SKY BLUE H.R. SOLUTION PVT.LTD

Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, Ganga Khadka 9802358961, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com



## खेतडाँडा–सल्लेनी–मगरगाउँ (१० कि.मि.) सडक खण्ड र तिनखुट्टे–महादेवटार–सर्दुङ–चौकीडाँडा (१३.८ कि.मि.) सडकखण्ड स्तरोन्नतिको

### प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई कार्यक्रम

**प्रथम पटक प्रकाशित मितिः २०८३/०२/०४**

बागमती प्रदेश, काभ्रेपलान्चोक जिल्ला महाभारत गाउँपालिकामा महाभारत गाउँपालिका देविटार, काभ्रेपलान्चोकद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | महाभारत गाउँपालिका<br>गाउँपालिकाको कार्यालय देविटार, काभ्रेपलान्चोक<br>फोन नं.ः ९८६६२९४००९<br>ई–मेलः ito.mahabharatmun@gmail.com |
| **प्रस्तावको व्यहोरा** | 'खेतडाँडा-सल्लेनी-मगरगाउँ (१० कि.मि.) सडक खण्ड र तिनखुट्टे-महादेवटार-सर्दुंङ-चौकीडाडा (१३.८ कि.मि.) सडकखण्ड' स्तरोन्नति आयोजना<br>सडकको प्रकारः स्थानीय सडक<br>• प्रस्तावित क्षेत्राधिकार (Right of Way): ३० मि. सडकको बीच रेखाबाट दायाँ/बाँया दुबैतिर १५/१५ मि.)<br>• फर्मेसन चौडाई (Formation Width): ९ मि. (नाली बाहेक)<br>• कालोपत्रे हुने चौडाई ७ मि. |
| **प्रभाव पर्ने जिल्ला तथा गाउँपालिका** | काभ्रेपलान्चोक जिल्ला महाभारत गाउँपालिका |

वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरूप आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी जानकारी गराउने लक्ष्यका साथ सार्वजनिक सूचना मार्फत योजनाबाट प्रभावित नगरपालिका अन्तर्गतका सरकारी संघसंस्था, विद्यालय, स्वास्थ्य चौकी तथा व्यक्ति एवं सरोकारवालालाई निम्न मिति, समय तथा स्थानमा उपस्थिति भई अमुल्य राय सुझाव तथा प्रतिक्रिया दिनका लागि हार्दिक अनुरोध गरिन्छ ।

| स्थान | मिति | समय |
|---|---|---|
| महाभारत गाउँपालिका वडा नं. ४ को कार्यालय वाह्रबिसे | २०८३/०२/०८ | बिहान १०:०० बजे |
| महाभारत गाउँपालिका वडा नं. ६ वनखु | २०८३/०२/०९ | बिहान ९:०० बजे |



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मितिः २०८३/०२/०४**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बनिगामा, मोरङ्गबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीहरूको हकमा मिति बि.स.२०८१/०७/०२ गते कारोवार राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, बनिगामा मोरङ्गमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**१. कर्जा शिर्षक : सिटिजन्स आवधिक कर्जा**

**ऋणी फर्मको नाम र ठेगाना**

**ऋणीको नाम : मुनामदन टेक्सटाइल**
रजिष्टर्ड ठेगाना : शिशवनी बडहरा ०५, मोरङ्ग (हालः बुढीगंगा गा.पा. ०७, मोरङ्ग)
रजिष्ट्रेसन नं. : ८७२६/०६५/६६ (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, विराटनगर)
पान नं. : ३०३३२८२५८

**फर्मको प्रोप्राइटरको नाम र ठेगाना**

**नाम : मदन कुमार भगत**
बाबु : पुषलाल भगत
बाजे : इश्वर लाल भगत
ठेगाना : शिशवनि बडहरा गा.वि.स वडा नं.-०५, मोरङ्ग
हाल : बुढीगंगा गा.पा. वडा नं.-०७, मोरङ्ग
ना.प्र.नं. : १७०९/७००,
जारी मिति : २०४६/०१/२९
जि.प्र.का. : मोरङ्ग

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : खिना कुमारी भगत**
बाबु : बेदनिधि दवाडी
ससुरा : पुषलाल भगत
पती : मदन कुमार भगत
ठेगाना : शिशवनि बडहरा गा.वि.स वडा नं.-०५, मोरङ्ग
हाल : बुढीगंगा गा.पा. वडा नं.-०७, मोरङ्ग
ना.प्र.नं. : ४७४१२
जारी मितिः २०५६/११/१६
प्रथम प्रतिलिपी मितिः २०७२/०६/१७
जि.प्र.का. : मोरङ्ग

**२.नाम : सुजित कुमार भगत**
बाबु : अनन्तराम भगत
बाजे : तेजु भगत
ठेगाना : शिशवनि बडहरा गा.वि.स वडा नं.-०५, मोरङ्ग
हाल : बुढीगंगा गा.पा. वडा नं.-०७, मोरङ्ग
ना.प्र.नं. : २७१६५
जारी मिति : २०५३/०२/०७
जि.प्र.का. : मोरङ्ग

**धितो राखिएको सम्पतिको विवरण :**
**धितो सुरक्षण धनिको नाम : खिना कुमारी भगत**

| सि.नं. | जिल्ला | न.पा./गा.वि.स. | वडा नं./ नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल (बि.क.धु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | मोरङ्ग | शिशवनि बडहरा | ५/५ क | ७३१ | ०-१-०-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |
| २. | | | | ७३३ | ०-१-२-० | |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ वा शाखा कार्यालय बनिगामा, मोरङ्गमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८३/०२/१९ गते, मंगलबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, बनिगामा, मोरङ्ग ।**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९४००० | प्रति तोला – ० | प्रति तोला – ५०६० |



**धान रोप्न व्यस्त किसान** काभ्रेपलाञ्चोकको पनौती नगरपालिका–९ भण्डारीगाउँ नजिकैको खेतमा धान रोप्दै किसान । *तस्विर: पेमा लामा/रासस*

# कामीरिता र लाक्पाले बनाए विश्व कीर्तिमान

■ प्रभाव संवाददाता

**काठमाडौं–** कामीरिता शेर्पाले ३२औं पटक विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरी विश्व कीर्तिमान बनाएका छन् । सोलुखुम्बुको थामेका ५६ वर्षीय शेर्पाले आइतबार बिहान १०:१२ बजे सगरमाथाको ३२औं पटक सफल आरोहण गरेका हुन् । यससँगै उनले सबैभन्दा धेरैपटक सगरमाथा आरोहण गरेर आफैंले यसअघि बनाएको कीर्तिमान तोडेका छन् ।

यसैगरी लाक्पा शेर्पाले ११औं पटक सगरमाथा आरोहण गर्दै नयाँ विश्व कीर्तिमान बनाएकी छन् । आइतबार बिहान ९:३० बजे ११औं पटक सगरमाथा आरोहण गर्दै उनी सबैभन्दा धेरैपटक सगरमाथा आरोहण गर्ने महिला बनेकी छन् ।

यसैबीच प्रधानमन्त्री वालेन्द्र शाहले ३२ औं पटक सगरमाथाको सफल आरोहण गरेका कामीरिता र ११औं पटक सगरमाथा आरोहण गर्ने लाक्पालाई बधाइ तथा उच्च सम्मान व्यक्त गरेका छन् । आइतबार



सामाजिक सञ्जाल एक्समार्फत प्रधानमन्त्री शाहले आरोहीहरूको यो सर्वोच्च सफलताले नेपालको पर्वतीय पर्यटनलाई अझ विश्वसनीय, गौरवपूर्ण र आकर्षक बनाउँदै अन्तर्राष्ट्रिय जगतमा नेपालको पहिचानलाई अझ उज्यालो बनाउने विश्वास लिएको बताएका छन् ।

'विश्वको सर्वोच्च शिखर सगरमाथा केवल एउटा भौगोलिक उचाइको अवयव मात्रै होइन, नेपालको आत्मसम्मान, साहस, धैर्य र हिमाली सभ्यताको सर्वोच्च प्रतीक हो । यही गौरवशाली हिमालमाथि आज नेपाली आरोहीहरूले पुनः इतिहास लेखेका छन्,' प्रधानमन्त्रीले लेखेका छन् ।

**सशस्त्रका दुई महिला कर्मचारी पहिलोपटक सगरमाथाको शिखरमा**

सशस्त्र प्रहरी सहायक हवल्दार अनिता कार्की र सहायक निरीक्षक निमडिक्की शेर्पाले आइतबार बिहान सशस्त्र प्रहरी संगठनका तर्फबाट सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेका छन् । सहायक हवल्दार कार्कीले आइतबार बिहान १० बजेर २० मिनेटमा र सहायक निरीक्षक शेर्पाले बिहान ११ बजेर ५५ मिनेटमा सगरमाथाको चुचुरोमा पाइला राखेका हुन् ।

सशस्त्र प्रहरीका तर्फबाट सगरमाथा आरोहण गर्ने उनीहरू तेस्रो र चौथो सशस्त्र प्रहरी हुन् । संगठनका महिला कर्मचारीका तर्फबाट भने यो पहिलो सफल आरोहण भएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।

इलामको सन्दकपुर गाउँपालिका माबु निवासी शेर्पा र राष्ट्रियस्तरकी फेन्सिङ खेलाडीसमेत रहेकी रामेछापको गोकुलगंगा गाउँपालिका-१, चुचुरे निवासी कार्कीले पर्वतीय उद्धार तथा उच्च हिमाली क्षेत्रमा दक्षता हासिल गरेका थिए । उनीहरूले यसअघि मनाङस्थित चुलु फार इस्ट हिमाल तथा लोबुचे हिमालकोसमेत सफल आरोहण गरिसकेका छन् ।

# स्वीकृत विदेशी लगानीको १४ प्रतिशतमात्रै भित्रियो

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकमा स्वीकृत विदेशी लगानीको तुलनामा वास्तविक भित्रिने रकम अत्यन्तै न्यून रहेको छ । महालेखापरीक्षकको कार्यालयको ३३औं वार्षिक प्रतिवेदनका अनुसार आर्थिक वर्ष २०८१/८२ मा एक हजार नौ विदेशी लगानीकर्ताबाट ७९ अर्ब ६९ करोड रूपैयाँबराबरको लगानी प्रस्ताव स्वीकृत भएको थियो । त्यसमा जम्मा ९७ लगानीकर्ताबाट मात्रै ११ अर्ब ३० करोड रूपैयाँ भित्रिएको छ । यो स्वीकृत लगानीको १४ प्रतिशत हो ।

सार्वजनिक प्रतिवेदनअनुसार पछिल्लो समय वैदेशिक लगानीको प्रतिबद्धता र वास्तविक प्राप्तिको अनुपात क्रमशः घट्दो देखिएको छ । आव २०७९/८० मा स्वीकृत ३२ अर्ब ४८ करोड रूपैयाँको प्रस्तावमध्ये नौ अर्ब २० करोड रूपैयाँ प्राप्त भएको छ । जुन समग्रमा २८ प्रतिशत हो ।

त्यस्तै आव २०८०/८१ मा स्वीकृत भएको लगानीको जम्मा १३ प्रतिशतमात्रै प्राप्त भएको देखिन्छ । सो आवमा ८१ अर्ब ६९ करोड रूपैयाँको लगानी स्वीकृत भएकामा १० अर्ब २९ करोड रूपैयाँमात्रै प्राप्त भएको थियो । यो तथ्यांकले वैदेशिक लगानीको प्रतिबद्धता र वास्तविक प्राप्तिबीचको विवरण फराकिलो हुँदै गएको देखाउँछ ।

महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनले नीतिगत स्थायित्व कायम गर्न, प्रशासनिक प्रक्रिया सरल बनाउन र लगानीमैत्री वातावरण निर्माण गरी प्रतिबद्धतालाई वास्तविक लगानीमा रूपान्तरण गर्न सम्बन्धित निकायलाई सुझाव दिएको छ ।

**युवा स्वरोजगार कोषको ६७ करोड कर्जा असुल भएन**

युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट लगानी गरिएकामध्ये भाखा नाघिएको ऋणबापतको ६७ करोड १९ लाख ६४ हजार रूपैयाँ असुल गर्नुपर्ने देखिएको छ । महालेखापरीक्षकको प्रतिवेदनले युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सहुलियत) नियमावली, २०७७ को नियम १६ मा कर्जा लागानी गर्ने व्यवस्थाअनुसार कोष र ऋणीबीच ऋण सम्झौताको सर्तअनुसार साँवा र ब्याज समयमा नआउँदा हर्जनासमेत गरी सो रकम असुल गर्नुपर्ने देखाएको हो ।

कोष र ऋणीबीच पाँच वर्षे लगानी सम्झौता हुँदा ऋण अवधि ४२ महिना रहने र सम्झौताअनुसार समयमा किस्ता नबुझाउँदा रकमको थप दुई प्रतिशत ब्याज लाग्ने व्यवस्था छ । कोषको २०८२ असार मसान्तसम्म दुई अर्ब ३३ करोड ९४ लाख ५६ हजार रूपैयाँ कर्जाको साँवा बक्यौता देखिएको छ । तीमध्ये कोषको अभिलेखअनुसार ४३२ सहकारी संस्थाबाट ५७ करोड ९७ लाख १८ हजार रूपैयाँ साँवा तथा ब्याज आठ करोड ४६ लाख ९८ हजार रूपैयाँ र हर्जना २३ लाख ८२ हजार रूपैयाँ असुल गर्नुपर्ने देखिएको प्रतिवेदनमा उल्लेख छ ।


**बिश्वरूप बचत तथा ऋण सहकारी संस्था लि.**
का.म.न.पा-७, चावहिल, काठमाडौं, फो नं.- ०१-४५८३५९

**धितो लिलाम बिक्री गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/१२/२६ गते**
**दोस्रो पटक प्रकाशिथ मिति २०८३/०२/०४ गते**

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जा संस्थासँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने १५ दिने र ७ दिने सार्वजनिक सूचना प्रकाशित गरी सो को जानकारी गराउदा समेत उक्त कर्जाको साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले संस्थासँग गरेको कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले सो कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नको लागि यो **१५ (पन्ध्र) दिने** सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको **१५ (पन्ध्रौ)** दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरूको अधिनमा रही रीतपूर्वक भरी यस संस्थाको कार्यालय, कर्जा असुली शाखा, चावहिल, काठमाडौंमा आइपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा संस्थाले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको तिनपुस्ते विवरण | धनजमानिको तिनपुस्ते विवरण |
|---|---|---|
| १. | **नाम : केदार विश्वकर्मा**<br>ना.प्र.नं. : २८६०८, दोलखा<br>बाबुको नाम : कृष्ण बहादुर विश्वकर्मा<br>बाजेको नम : लाल बहादुर विश्वकर्मा<br>ठेगाना : का.जि. बुढानिलकण्ठ-२, भंगाल, कपन | १. नाम : राजु विश्वकर्मा<br>ना.प्र.नं. : १४८८८५, सिन्धुपाल्चोक<br>बाबुको नाम : अमिर बहादुर विश्वकर्मा<br>बाजेको नाम : साने कामी<br>ठेगाना : सुनकोशी-४, सिन्धुपाल्चोक हाल बु.न.पा-२, भंगाल, काठमाडौं<br><br>२. नाम : केवल गुरू<br>बाबुको नाम : गणेश गुरू<br>बाजेको नाम : विष्णु गुरू<br>ठेगाना : चपुर-३, रौतहट<br>हाल बु.न.पा-२, भंगाल, काठमाडौं |
| | **धितोको विवरण**: केदार विश्वकर्माको नाममा मालपोत कार्यालय चावहिलमा एकलौटी दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला बुढानिलकण्ठ-२, भंगाल हाल (साविक चपली भद्रकाली ८) नक्सा सिट नं.१०२०९०८१९ कित्ता नं.१९, क्षेत्रफल ९५.३८-०-०-० व.मी जग्गा घर लगायत लिगलिगापात समेत सम्पूर्ण । | |
| २. | **नाम : बिराज सिलवाल**<br>ना.प्र.नं. : २४१०७३/१८१५९ सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक<br>हाल का.म.न.पा-७, चावहिल, काठमाडौं | १. नाम : शर्मीला सिलवाल<br>ना.प्र.नं. : १५१०४७, सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नाम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक हाल का.म.न.पा-७, चावहिल, काठमाडौं<br><br>२. नाम : निराज सिलवाल<br>ना.प्र.नं. : २४-०-३९-०५५३९, सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नाम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक हाल का.म.न.पा-७, चावहिल, काठमाडौं<br><br>३. नाम : धिरज विक्रम सिलवाल<br>ना.प्र.नं. : २४-०-७१-००४७५, सिन्धुपाल्चोक<br>बाबुको नाम : दुर्गा विक्रम सिलवाल<br>बाजेको नाम : रित विक्रम सिलवाल<br>ठेगाना : भोटेनाम्लाङ-९, सिन्धुपाल्चोक हाल का.म.न.पा-७, चावहिल, काठमाडौं |
| | **धितोको विवरण**: बिराज सिलवाल, निराज सिलवाल र धिरज विक्रम सिलवालको संयुक्त नाममा मालपोत कार्यालय सिन्धुपाचोक, चौतारामा संयुक्तको नाममा दर्ता श्रेष्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला भोटेनाम्लाङ -९, मा रहको वडा नं./नक्सा सिट नं.९ कित्ता नं.३४७, ३४८, रैकर निजी क्षेत्रफल, रोपनी/ब.मि ५-२-३-२, २६३५.११, ६-८-३-०, ३३३०.६६ जम्मा क्षे.फ.व.मी ५,९६५.७७ जग्गा लगायत लिगलिगापात समेत सम्पूर्ण । | |

**धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्तबन्देजहरू :**

१. बोलपत्र आवेदन फाराम यस संस्थाको कार्यालय चावहिलबाट रू.१०००/- तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको कुमारी बैंक लिमिटेड, चावहिल शाखामा रहेको खाता नं: १२९००६३३३८९०००० मा जम्मा गरेको भौचर बोलपत्रमा संलग्न गरी पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३:०० बजे विभिन्न सरकारी कार्यालयको प्रतिनिधीहरूको उपस्थितिमा खोलिने छ ।
५. उल्लेखित चल अचल सम्पत्तिको बारेमा कसैलाई आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस संस्थाको कार्यालय, चावहिलमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ र सो कार्यको लागि मालपोत कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क दस्तुर स्वयं बोलकबोल गर्नेले नै ब्यहोर्नु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र दाखिल भईसके पछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा नै सुरक्षित रहनेछ ।
१०. लिलाम बिक्री गर्दा ऋणी सदस्य स्वयं उपस्थित भई ऋण चुक्ता गरी आफ्नो सम्पत्ति सकार गर्न चाहेमा पहिलो प्राथमिकता ऋणी सदस्यलाई हुनेछ ।

**शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**
**मिति : २०८३/०२/१९ गते, मंगलबार**
**समय : अपरान्ह ३:०० बजे**
**स्थान : संस्थाको कार्यालय, चावहिल ।**

**पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाईने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमूल्यांकन गरि संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ ।


# निजी क्षेत्र आर्थिक समृद्धिको मेरुदण्ड: *मुख्यमन्त्री आचार्य*

■ प्रभाव संवाददाता

**भैरहवा–** लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले निजी क्षेत्रलाई लुम्बिनी प्रदेशको आर्थिक समृद्धिको मेरुदण्डका रूपमा रहेकाले उद्योगी-व्यवसायीलाई प्रोत्साहन गर्ने किसिमले नीति बनाइने प्रतिबद्धता जनाएका छन् ।

भैरहवामा आयोजित नेपाल उद्योग वाणिज्य महासंघको चौथो कार्यकारिणी समितिको पदस्थापन समारोहमा मुख्यमन्त्री आचार्यले नवनिर्वाचित पदाधिकारीलाई उद्योगी-व्यवसायीको अभिभावकको भूमिकामा रहेर काम गर्न आग्रह गरे । उनले निजी क्षेत्र प्रदेशको आर्थिक समृद्धिको मेरुदण्डका रूपमा रहेको उल्लेख गर्दै उद्योगी-व्यवसायीको मनोबल उच्च बनाउन प्रदेश सरकार सधैं प्रतिबद्ध रहेको बताए ।

नयाँ कार्यकारिणी समितिका पदाधिकारीलाई व्यवसायीले आशा र भरोसाका साथ जिम्मेवारी दिएका उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले संघलाई उद्योग क्षेत्रको भरोसाको केन्द्रका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । प्रदेश सरकार उद्योगी तथा व्यवसायीका पक्षमा दृढतापूर्वक उभिँदै व्यवसायीले भोगिरहेका समस्या समाधानका लागि सकारात्मक




रहेको बताए ।

'व्यवसायीको मनोबल उच्च बनाउन प्रदेश सरकार जिम्मेवारी बोधका साथ अगाडि बढिरहेको छ,' मुख्यमन्त्री आचार्यले भने । गत भदौ २४ गतेको जेन-जी आन्दोलनका क्रममा जलेका उद्योग, सरकारी कार्यालय तथा निजी घरप्रति सरकार संवेदनशील रहेको उल्लेख गर्दै उनले प्रदेशभर ३९७ वटा संरचना जलेका जानकारी दिए ।

मुख्यमन्त्री आचार्यले देशभर विद्युत् लाइन काटिएका उद्योगमध्ये १३ वटा लुम्बिनी प्रदेशमा परेका उल्लेख गर्दै प्रदेश सरकारले संघीय सरकारको ध्यानाकर्षण गराएर उद्योग सञ्चालन सहज बनाउन पहल गरिरहेको बताए । निजी क्षेत्रले अपेक्षित योगदान दिन नसके प्रदेशको विकास सम्भव नहुने बताउँदै सरकार र निजी क्षेत्रबीच सहकार्य, समन्वय र विश्वासको वातावरण बन्नुपर्ने आवश्यकता औंल्याए ।

कार्यक्रममा महासंघका नवनिर्वाचित केन्द्रीय उपाध्यक्ष कृष्णप्रसाद शर्माले सरकार र निजी क्षेत्र साझेदारका रूपमा अघि बढ्नुपर्ने बताए । उनले नीति तथा कार्यक्रममा निजी क्षेत्रलाई साझेदारका रूपमा स्वीकार गरिएको सकारात्मक भए पनि व्यवहारमा निजी क्षेत्र अझै उत्साहित हुन नसकेकाले बजेटबाट सम्बोधन गर्नुपर्ने धारणा राखे ।

उपाध्यक्ष शर्माले भन्सार व्यवस्थापन, विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र, कृषि आधुनिकीकरण, युवा स्वरोजगार तथा नवप्रवर्तनका क्षेत्रमा प्रदेश सरकारले प्रभावकारी भूमिका खेल्नुपर्ने आवश्यकता औंल्याए ।

# बागमती प्रदेशस्तरीय स्टार्टअप र नवप्रर्वतन उद्यमी विकास सम्मेलन सम्पन्न

**भक्तपुर (प्रस)–** भक्तपुरमा बागमती प्रदेशस्तरीय एक दिवसीय 'स्टार्टअप र नवप्रवर्तन उद्यमी विकास सम्मेलन' सम्पन्न भएको छ । भक्तपुर उद्योग वाणिज्य संघको आयोजनामा बागमती प्रदेश सरकार उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको सहकार्यमा आइतबार भक्तपुरमा सम्पन्न सम्मेलनमा युवा उद्यमीले उद्योगको विकास र रोजगारीको अवसर सृजना गर्ने विषयमा सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गरेका छन् ।

सम्मेलनको उद्घाटन गर्दै बागमती प्रदेश उद्योग वाणिज्य, भूमि तथा प्रशासनमन्त्री बिन्दु श्रेष्ठले नवप्रवर्तन उद्यमी विकासमा प्रदेश सरकारले उद्योगीसँग सहकार्य गर्नेगरी अगाडि बढ्ने योजना बनाइरहेको बताइन् । उनले युवा उद्यमीको विकासका लागि प्रदेश सरकारले आवश्यक सहकार्य गर्न तयार रहेको बताउँदै युवापुस्तालाई वैदेशिक रोजगारीमा जानबाट रोक्नका लागि स्वदेशमै रोजगारी अवसर बनाउने र स्वरोजगारको वातावरण बनाउन उद्यमी लाग्नुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिलसुन्दर श्रेष्ठ, उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका सचिव जीवलाल भुसाल, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका अध्यक्ष वेदबहादुर श्रेष्ठ, उद्योग वाणिज्य संघ भक्तपुरका वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद प्रजापतिलगायत वक्ताले नयाँ उद्यमीको विकासका लागि तीन तहका सरकारले सहकार्यका नीति ल्याउँदै दिगो उद्योग व्यवस्थापनका लागि सहयोग गर्नुपर्ने बताए ।

सम्मेलनमा बागमती प्रदेशभित्रका ५०० भन्दा बढी युवा उद्यमी तथा व्यवसायीको सहभागिता रहेको बताउँदै युवा उद्यमीको विकास र नयाँ उद्यमीको प्रवर्द्धनको अभियान सम्मेलनले सुरु गरेको युवा उद्यमी उपसमितिका संयोजक एवं सम्मेलनका संयोजक कृतन अवालले बताए ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ